२०८० जेठ ०७ गते ।

श्री सम्मानीय प्रधानमन्त्रीज्यू,
मन्त्री परिषद्को कार्यालय
सिंहदरवार, काठमाण्डौ
मार्फत जिल्ला प्रशासन कार्यालय,
मन्थली, रामेछाप ।

**विषय : ध्यानाकर्षण पत्र ।**

नक्कली भुटानी शरणार्थी बनाइ नेपाली नागरिकलाइ तेस्रो मुलुकमा पठाउने कार्य लगायत स्थानीय तथा राष्ट्रियस्तरमा चर्चामा आएका भ्रष्टाचार सम्बन्धी घटना (काण्ड) हरुमा सरकारका विभिन्न तहका केही उच्च पदस्थ व्यक्तिहरू र उनका नातागोता समेत संलग्न भएको भन्ने समाचार प्रति हामी मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा क्रियाशील नागरिक समाज तथा संघ संस्थाहरुको गम्भीर ध्यानाकर्षण भएको छ ।

सरकारका विभिन्न तहका केही उच्च पदस्थ व्यक्तिहरू र उनका नातागोता समेत संलग्न भइ गलत ढंगले नागिरकहरूलाइ अन्य मूलुकमा पठाउनु भनेको मानव तस्करी गर्ने कार्यमा राज्यका अंगहरूको दुरूपयोग हो । नीति निर्माता र राज्य सञ्चालकहरू नै मानव तस्करी तथा अन्य भ्रष्टाचारजन्य लगायतका अपराधिक गतिविधिमा संलग्न हुनु भनेको राज्य व्यवस्था, शासन प्रणाली, राजनीतिक दलहरू र कानुनी शासनप्रति अविश्वास सिर्जना गर्ने, मुलुकको सार्वभौमसत्ता र नागरिकको आत्मसम्मानमा चोट पुर्याउने विषय हो । यस्ता अपराधिक घटनाहरू कोही कसैबाट पनि नदोहोरिने सुनिश्चितता गर्न दोषीमाथी कडा कारवाही गरिनु पर्दछ ।

आम नागरिकमा राज्य व्यवस्था, राज्यका अंग तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था, तथा राजनीतिक दलहरूप्रति विश्वास र भरोसा सिर्जना गर्नका लागि विभिन्न समयमा, विभिन्न तहमा भएका भ्रष्टाचार सम्बन्धी सम्पूर्ण घटनाहरूको निष्पक्ष र पारदर्शी ढंगले छानविन गर्न, दोषीलाइ कानुनको कठघरामा उभ्याउन र मुलुकमा विद्यमान कुनै पनि प्रकारका मानव तस्करी लगायत भ्रष्टाचार नियन्त्रण गर्न सरकार समक्ष यस जिल्लामा क्रियाशील नागरिक समाज तथा संघ संस्थाहरु जोडदार माग गर्दछ, साथै अनुसन्धान प्रकृयालाइ सहयोग गरी मुलुकमा अपराध नियन्त्रण गर्न, सुशासनको प्रत्याभूति कायम गराउन र मानवअधिकारको प्रत्याभूति गराउन सम्पूर्ण सरोकारवालाहरू समक्ष आग्रह गर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| श्री रत्न प्रसाद कडेल<br>अध्यक्ष,<br>गैसस महासंघ रामेछाप | श्री ज्ञान बहादुर खड्का<br>अध्यक्ष,<br>फेकोफन, रामेछाप | श्री थिर बहादुर थापा (रविन)<br>अध्यक्ष,<br>मानव अधिकार एलाइन्स, रामेछाप | श्री पाण्डव प्रसाई<br>अध्यक्ष,<br>नेपाल बार एशोसिएशन, | श्री बद्री नयाँघरे<br>अध्यक्ष,<br>नेपाल पत्रकार महासंघ |
| श्री नवराज पृथिक<br>प्रतिनिधि,<br>इन्सेक, रामेछाप | श्री निरोज श्रेष्ठ<br>अध्यक्ष,<br>प्रेस सेन्टर, रामेछाप | श्री अप्रिल अधिकारी<br>अध्यक्ष,<br>नेपाल प्रेस युनियन | श्री नवराज श्रेष्ठ<br>अध्यक्ष<br>प्रेस चौतारी, रामेछाप | श्री यम बहादुर थापा<br>अध्यक्ष<br>भ्रष्टाचार विरुद्ध राष्ट्रिय अभियान,<br>रामेछाप |